**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख २३ गते**

कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा उपचाररत ३१ जना मध्ये ६ जना डिस्चार्ज हुने भएका छन् । सामाजिक विकास मन्त्रालयमा वैशाख २३ गते आयोजित पत्रकार सम्मेलनमा प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले ६ जनालाई वैशाख २४ गते बिहान ८ बजे डिस्चार्ज गरिने बताउनुभयो । वैशाख ५ र ६ गते उदयपुरबाट ल्याइएका १३ जना कोरोना सङ्क्रमित मध्ये ६ जनामा स्वाब परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको मन्त्री घिमिरेले बताउनुभयो । तीन पटकसम्म उनीहरूको स्वाब परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको अस्पतालले पुष्टी गरेपछि डिस्चार्ज गरिने निर्णय गरिएको हो । भोलि डिस्चार्ज गरिने सबै भारतीय नागरिकहरू रहेका छन् । डिस्चार्ज हुनेमा ३० वर्षीय अनुस जैदी, २९ वर्षीय मोहम्मद अजिज, २८ वर्षीय मोहम्मद जावेद, २१ वर्षीय मोहम्मद अहमद साहेव, ३४ वर्षीय मोहम्मद अजिरवान र २६ वर्षीय मोहम्वद राशिद रहेका छन् । डिस्चार्ज हुने सबैलाई विराटनगर रानीको एक मस्जिदमा निर्माण गरिएको क्वारेन्टाइनमा राखिने मन्त्री घिमिरेले बताउनुभयो । क्वारेन्टाइनको स्थलगत निरीक्षण गरिएको उहाँले बताउनुभयो । दश ओटा वेड रूम र दश ओटा शौचालय भएको मस्जिदमा राखिने तयारी सामाजिक विकास मन्त्रालयले गरेको छ । कोभिड अस्पतालमा उपचाररत सबैको स्वास्थ्य अवस्था सामान्य रहेको कोशी अस्पतालकी मेडिकल सुपरिडेन्डेण्ट डा. सङ्गीता मिश्राले बताउनुभयो ।

प्रदेश १ मा द्रुत परीक्षण विधि (आरडिटी) र ल्याबमा गरिने परीक्षणबाट वैशाख २३ गतेसम्म जम्मा ८ हजार ३५ जनामा नमूना परीक्षण भएको छ । कोरोना भए नभएको पत्ता लगाउन नमूना परीक्षण भएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार यसरी परीक्षण गरिएकामध्ये आरडीटीतर्फ ६ हजार ३ सय २८ जनाको नमूना परीक्षण भएको छ । जसमा ६ हजार ३ सय १२ जनाको रिपोर्ट नेगेटिभ आएको छ । पीसीआर विधिबाट १ हजार ७ सय ७ जनाको नमूना परीक्षणको लागि ल्याब पठाइएको छ । तीमध्ये १ हजार ६ सय ६८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश सरकारले विभिन्न ३ सय ११ स्थानमा ५ हजार ४ सय १४ वेडको व्यवस्थापन गरेको छ । आइसोलेशन वेड सङ्ख्या ४ सय ४९ छ । आईसीयूको सङ्ख्या ४४ छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार  मोरङ जिल्लाबाट वैशाख २३ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ सय ४२ जनाको नमूना सङ्कलन गरिएको छ । ४१ जना महिला र २ सय एक जना पुरूषको नमूना सङ्कलन गरिएको छ । १ सय ९४ जनाको रिपोर्ट नेगेटिभ आएको छ । नमूना सङ्कलन गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ । मोरङमा १ हजार ३ सय ९३ जनाको आरडीटी गरिएको छ । एक जनाको पोजेटिभ रिपोर्ट आएको छ । अन्य सबैको नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सहित अधिकारकर्मीहरूले प्रदेश १ का नागरिकको स्वास्थ्य अधिकारको रक्षा गर्न माग गर्न प्रदेश सरकारसँग माग गरेका छन् । प्रदेश १ र मोरङ जिल्लामा क्रियाशिल विभिन्न सङ्घ संस्थाले नागरिकको स्वास्थ्य अधिकारको रक्षा गर्न प्रदेश सरकारसँग वैशाख २३ गते ध्यानाकर्षण पत्रमार्फत माग गरेका हुन् । प्रदेश १ को राजधानी विराटनगरमा रहेको नोवेल मेडिकल कजेलले लकडाउनको अवधिमा प्रसुति गराउन आउनु भएकी उदयपुर त्रियुगा नगरपालिका-११ की एक जना गर्भवती महिला र भाँचिएको हातको शल्यक्रिया गराउन अस्पताल भर्ना हुनु  भएका एक जना युवालाई उदयपुरवासी भन्दै उपचार नगरी अस्पतालबाट फिर्ता पठाएको विषयमा अधिकारवादीहरूले गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

अधिकारवादीहरूले आधारभूत मानव अधिकारको रक्षा गर्न माग गर्दै प्रदेश १ का कानुन मन्त्री हिक्मतकुमार कार्की,सामाजिक विकास मन्त्री जीवन घिमिरे र प्रमुख जिल्ला अधिकारी मदन भुजेललाई वैशाख २३ गते ध्यानाकर्षण पत्र बुझाएका हुन् । प्रदेश १ का कानुन मन्त्री हिक्मतकुमार कार्कीले कोरोना जोखिमका समयमा निजी अस्पतालले उपचारबाट वञ्चित गराएको विषयमा नागरिक समाजबाट खबरदारी गरी राज्यलाई सहयोग पुऱ्याएको बताउनुभयो । मन्त्री कार्कीले मानव अधिकारको रक्षाका लागि प्रदेश सरकार सधैंव तयार रहेको र कुनै पनि नागरिकलाई आगामी दिनमा स्वास्थ्य अधिकारसहित अन्य अधिकारबाट वञ्चित हुन नदिने बताउनुभयो । कानुन मन्त्री कार्कीलाई नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष मानबहादुर रुम्दाली, गैरसरकारी संस्था महासङ्घ नेपालका केन्द्रीय सचिव उमेश विश्वकर्मा ,नेपाल पत्रकार महासङ्घ प्रदेश १ का

अध्यक्ष विक्रम लुइटेल, इन्सेक प्रदेश १ संयोजक सोमराज थापा,नेपाल पत्रकार महासङ्घ मोरङ अध्यक्ष बन्धु पोखरेल, मानव अधिकार सञ्जाल मोरङ अध्यक्ष डीकप्रसाद घिमिरे,सिविन नेपाल मोरङ संयोजक वासुदेव अधिकार,ओरेक नेपाल मोरङ संयोजक दीपक सेञ्चुरीलगायत २६ जना अधिकारकर्मीहरूले प्रदेश सरकारले ध्यानाकर्षण गराएको इन्सेक प्रदेश १ कार्यालय विराटनगरका प्रलेख अधिकृत पुण्य अधिकारीले बताउनुभयो । नोवेल मेडिकल कलेज विराटनगरले अप्रेशन थिएटरबाट निकालेका बिरामीका परिवारले क्षतिपूर्तिको माग गरेका छन् । वैशाख १९ गते उदयपुर त्रियुगा नगरपालिका- ६ घनचक्रेका १६ वर्षीय भीमबहादुर खत्रीलाई नोवेल अस्पतालले रेफर गरेको थियो ।  चिकित्सकले वैशाख १९ गते विहान शल्यक्रिया गर्ने बताएका थिए । 'सबै प्रक्रिया पुरा भएपछि अप्रेशनका लागि ३२ हजार ५ सय रुपियाँ जम्मा गर्यौ ।' भीमका ठुलोबुवा मानबहादुर खत्रीले भन्नुभयो 'अप्रेशन थिएटरमा लगेपछि उदयपुरको भन्दै बाहिर निकालिदिए ।' अस्पतालले अमानवीय व्यवहार गरेको उहाँले बताउनुभयो । ५५ हजार रूपैयाँ खर्च गरिसकेपछि नोवेलले उपचार नगरी रेफर गरेको भन्दै उहाँले क्षतिपूर्ति पाउनुपर्ने बताउनुभयो । भीमबहादुर खत्रीको वैशाख १३ गते घाँस काट्ने क्रममा देब्रेहातको कुहिनो माथिको भाग भाच्चिएको थियो । शल्यक्रियाका लागि अस्पतालले स्टिल किन्न लगाएको थियो । तर बिहान अप्रेशन नगर्ने भन्दै चिकित्सक बाहिरिएपछि कोशी अस्पताल ल्याउनुपरेको परिवारजनले बताएका छन् । उदयपुरको त्रियुगा नगरपालिकाका प्रमुख वलदेव चौधरीले विरामीका परिवारले क्षतिपूर्ति पाउनुपर्ने बताउनुभयो । पीडितले क्षतिपूर्तिको माग गर्नु स्वभाविक भएको उहाँको भनाइ छ । अप्रेसन थिएटरमा लगेको बिरामी निकाल्ने अस्पताललाई कारबाही गर्नुपर्ने उहाँले बताउनुभयो । नोवेल अस्पतालका प्रशासन प्रमुख नारायणप्रसाद दाहालले अप्रेसनका लागि जम्मा गरिएको रकम फिर्ता गरिने बताउनुभयो ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार जिल्लामा आरडीटी टेष्टमा एक जनाको रिपोर्ट पोजेटिभ देखिएको छ । लखुपिके गाउँपालिका -५ का २८ वर्षीय युवकको रिपोर्ट पोजेटिभ देखिएको गाउँपालिका अध्यक्ष डम्बर बहादुर बस्नेतले जानकारी दिनुभयो । अध्यक्ष बस्नेतका अनुसार ती युवक केही दिन अगाडी भोजपुरमा पुल बनाउने कामबाट गाउँ फर्केका थिए । भोजपुरमा कोरोना पोजेटिभ देखिएका युवक सँगको सम्पर्कमा भएकाले गाउँ आएर कोही सँग पनि भेटघाट नगरी सिँधै क्वारेनटाइनमा बसेका दुई जना मध्ये एक जनाको रिपोर्ट वैशाख २३ गते पोजेटिभ देखिएको स्वास्थ्य संयोजक ज्ञानु कार्कीले जानकारी दिनुभयो । जिल्लामा वैशाख २३ गतेसम्म १ सय १८ जनाको स्वाब परीक्षण गरिएको छ । उनीहरू सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका स्वास्थ्य संयोजक कर्मचन्द्र राजवंशीले जानकारी दिनुभयो ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार हलेसी तुवाचुङ नगरपालिकाले होम क्वारेन्टाइनको निगरानीमा खटिएका पाँच सय जना अनुगमनकर्तालाई वैशाख २३ गते मोबाइलको सिम निःशुल्क वितरण गरेको छ । राजधानी काठमाडौँमा बसिरहेका नगरवासीलाई लकडाउनकै बीचमा गाउँ ल्याएको नगरपालिकाले होम क्वारेन्टाइनको आचारसंहिता पालना गराउन अनुगमनमा खटाइएकाहरूलाई फ्री कल सहितको सिमकार्ड वितरण गरेको हो । गाउँपालिकाले होम क्वारेण्टाइन अनुगमन गर्ने स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम्सेविका, सुरक्षाकर्मी, वडा सचिव, शिक्षक र कृषि पशु प्राविधिकलाई निःशुल्क एनसेलको सिम वितरण गरेको हो ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख २३ गते वान हर्ट वल्डवाइड संस्थाले स्वास्थ्य सामग्री सहयोग गरेको छ । संस्थाले सङ्खुवासभाका दश ओटा स्थानीय तहलाईस्वास्थ्य सामाग्रीहरू सहयोग गरेको हो । पाँचखपन नगरपालिका नेकपा नगर कमिटिले विपन्न तथा मजदुरहरूलाई राहत वितरण गरेको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख २३ गते ४१ जनाको आरडीटी गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख २३ गतेसम्म ७ सय ८१ जनाको जनाको आरडीटी परीक्षण गरिएकोमा एक जना बाहेक सबैको नेगेटिभ रिपोर्ट आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार वैशाख २३ गते आठ जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइएको छ । कोरोना सङ्क्रमित हतुवागढीका युवाको सम्पर्कमा रहेका पाँच जना तथा

अन्य तीन जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको स्वास्थ्य कार्यालय भोजपुरले जानकारी दिएको छ। कामको शिलशिलामा कोरोना सङ्क्रमित युवाको घर हतुवागढी गाउँपालिका -६ होम्ताङ पुगेर बसेका तथा खाएका पाँच जना र भोजपुर नगरपालिका भित्र वैदेशिक रोजगारी बाट आएका तीन जना युवाको स्वाब सङ्कलन गरिएको स्वास्थ्य कार्यालय भोजपुरका सूचना अधिकारी सुरेन्द्र बुढाथोकीले जानकारी दिनु भयो। वैशाख २३ गते जिल्लाभर २ सय ८९ जनाको आरडीटी परीक्षण गरिएको छ।

**धनकुटा प्रतिनिधि ईश्वर थापा**काअनुसार क्वारेन्टाइनमा बसेका २८ जना को वैशाख २४ गते र्‍यापिड डाइनोष्टिक टेष्ट गरिने भएको छ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**